| | • औषधि पसल सञ्चालन र नियमन<br><br>• औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण<br><br>• स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन<br><br>• औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन<br><br>• औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण<br><br>• औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डाण र वितरण<br><br>• स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन<br><br>• जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)<br><br>• प्रवर्द्र्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनरुथापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन<br><br>• स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका<br><br>• जनस्वास्थ्य सेवाको प्रवर्द्र्धन<br><br>• जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन<br><br>• सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग | | | |

| | | | | |
|---|---|---|---|---|
| | नियन्त्रण तथा सचेतना अभिवृद्धि<br>• आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको<br>• व्यवस्थापन<br>• जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन<br>• सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम<br>• आकस्मिक स्वास्थ्य सेवा प्रवाह। | | | |
| | **लैंगिक समानता तथा सामाजिक सुरक्षा**<br>**लैंगिक समानता**<br>• महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन<br>• महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास<br>• लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना<br>• लैंगिक उत्तरदायी बजेट<br>**वालवालिका**<br>• बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, | सामाजिक विकास | शिक्षा | शिक्षा अधिकृत |

| | | | | |
|---|---|---|---|---|
| | कार्यान्वयन र नियमन<br>● बालबालिकाको हकहीत संरक्षण<br>● बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल<br>● बालबालिकाको हकहीत संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,<br>● बालबालिका परिवार सहयोग<br>● बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन<br>● बाल न्याय<br>● बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन<br>● असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन<br>● बाल हिंसा नियन्त्रण<br>● बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन<br>● आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन<br>**युवा**<br>● युवा जागरण, सशक्तिकरण र परिचालन<br>● युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास<br>**जेष्ठ नागरिक** | | | |

| | | | | |
|---|---|---|---|---|
| | • जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य<br>• जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन<br>• अपांगता भएका व्यक्ति र एकल महिला<br>• सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन<br>• अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको<br>• व्यवस्थापन तथा वितरण<br>• अपाँगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन<br>• अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य।<br>• एकल महिला सम्वन्धी कार्य<br>**गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन**<br>• स्थानीयस्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता,<br>• नवीकरण तथा नियमन | | | |

| | | | | |
|---|---|---|---|---|
| | • गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन<br>• निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य<br>• समन्वय र परिचालन तथा सामाजिक संघसंस्था सम्बन्धी अन्य विषय। | | | |
| | **<u>संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबद्र्धन</u>**<br>• भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना,<br>• कार्यान्वयन र नियमन<br>• पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रबद्र्घन र विकास<br>• परम्परागरत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन<br>• स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापन<br>• पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवद्र्धन<br>• पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन<br>• पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बद्र्धन<br>• भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबद्र्धन र विकास। | | | |
| | • **<u>वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने</u>**<br>• आफ्नो वडा भित्रको बस्तुगत विवरण | प्रशासन | सवै वडा कार्यालय | सवै वडा सचिव |

| | | | | |
|---|---|---|---|---|
| | (नदीनाला, जैविक विविधता, खनिज पदार्थ, जनसंख्याको बनोट, आर्थिक<br><br>● अवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि) तयार गर्ने, अद्यावधिक गर्दै लैजाने,<br><br>● निजी घर तथा घर परिवारको लगत राख्ने,<br><br>● ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक<br><br>● भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,<br><br>● खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा,<br><br>● डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर,<br><br>● पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको<br><br>● वडाको पाश्र्व चित्र तयार तथा अद्यावधिक गर्ने ।<br><br>● **वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्नेः** | | | |

| | | | | |
|---|---|---|---|---|
| | • सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती<br>• तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,<br>• टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको<br>• गठन तथा सोको अनुगमन गर्ने,<br>• वडाभित्रका योजना तथा भौतिक पूर्बाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,<br>• **<u>वडाका विकास निर्माणका कार्यहरु गर्ने:</u>**<br>• बालउद्यानको व्यवस्था गर्ने,<br>• अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,<br>• पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,<br>• वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने,<br>• बालबालिकाहरूलाई बि.सि.जि., पोलियो, भिटामिन "ए" को व्यवस्था गर्ने,<br>• पोषण कार्यक्रमको सञ्चालन गर्ने, | | | |

| | | | | |
|---|---|---|---|---|
| | • वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,<br>• शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,<br>• सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने, गराउने,<br>• वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,<br>• घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका<br>• जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,<br>• कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवद्र्घन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,<br>• कृषि मलको माग सङ्कलन गर्ने,<br>• कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने,<br>• पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,<br>• वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,<br>• स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, | | | |

| | | | | |
|---|---|---|---|---|
| | जनचेतनामूलक तथा सांस्कृतिक<br>● कार्यक्रम गर्ने गराउने,<br>● स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवद्र्घन गर्ने,<br>● वडाभित्र खेलकुद पूर्बाधारको विकास गर्ने,<br>● अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,<br>● वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,<br>● वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,<br>● बाटोघाटोको वाढी, पहिरो पन्छाउने,<br>● घरेलु ु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,<br>● वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,<br>● प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने,<br>● व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>● सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,<br>● वडालाई बालमैत्री बनाउने, .<br>● वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अपाङ्गता भएका व्यक्ति, जेष्ठ<br><br>● नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,<br><br>● विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,<br><br>● बालविवाह, महिला विरुद्धको हिँसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम,<br><br>● मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,<br><br>● प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग,<br><br>● नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी गाउँपालिकामा<br><br>● प्रतिवेदन सहित रकम बुझाउने,<br><br>● असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने,<br><br>● असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,<br><br>● सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने,<br><br>● वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र | | | |

| | | | | |
|---|---|---|---|---|
| | जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,<br>● वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,<br>● वडालाई वातावरणमैत्री बनाउने,<br>● प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा<br>● बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।<br>● **कानून बमोजिमका नियमन कार्य गर्ने:**<br>● वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने,<br>● घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प<br>● प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,<br>● खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी<br>● उपभोक्ता हित संरक्षण गर्ने,<br>● वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबद्र्धन गरी लगत राख्ने,<br>● हाट बजारको व्यवस्थापन गर्ने, गराउने, | | | |

| | | | | |
|---|---|---|---|---|
| | • विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।<br>• नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने ।<br>• आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा<br>• महशूलको स्थानीय दररेट तोक्ने ।<br>• आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसँग विकास<br>• निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने ।<br>• समय समयमा नेपाल कानूनले तोकेबमोजिम अन्य काम गर्ने ।<br>• **अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने**<br>• पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन<br>• महागाउँपालिकामा व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन<br>• र नियमन,<br>• संघीय कानून र मापदण्ड बमोजिम गाउँपालिकामा व्यक्तिगत घटना (जन्म,मृत्यु, | | | |

| | | | | |
|---|---|---|---|---|
| | विबाह, बसाइ सराइ, सम्बन्ध<br>• विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,<br>• आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,<br>• नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्वपूर्ण अभिलेखको व्यवस्थापन,<br>• स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,<br>• स्थानीय स्तरको अभिलेख व्यबस्थापन।<br>• नाता प्रमाणित गर्ने,<br>• नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,<br>• बहाल करको लेखाजोखा सिफारिस गर्ने,<br>• कोठा खोल्न रोहबरमा बस्ने<br>• मोही लगत कट्टाको सिफारिस गर्ने,<br>• घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,<br>• जन्म मिति प्रमाणित गर्ने,<br>• व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,<br>• मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने, | | | |

| | | | | |
|---|---|---|---|---|
| | • विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,<br>• निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,<br>• अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने,<br>• घर पाताल प्रमाणित गर्ने,<br>• व्यक्तिगत विवरण प्रमाणित गर्ने,<br>• पुर्जामा घर कायम गर्ने सिफारिस गर्ने,<br>• फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारीश गर्ने,<br>• नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,<br>• जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने,<br>• कागज र मन्जुरीनामा प्रमाणित गर्ने,<br>• कित्ताकाट गर्न सिफारिस गर्ने,<br>• संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,<br>• जीवितसँगको नाता प्रमाणित गर्ने,<br>• हकवाला वा हकदार प्रमाणित गर्ने,<br>• नामसारी गर्न सिफारिस गर्ने,<br>• जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने, | | | |

| | | | | |
|---|---|---|---|---|
| | • मृतकसँगको नाता प्रमाणित तथा सर्जिमन सिफारिस गर्ने,<br>• उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,<br>• जीवित रहेको सिफारिस गर्ने,<br>• पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने,<br>• जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने,<br>• विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,<br>• पालन पोषणको लागि सिफारिस गर्ने,<br>• वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस गर्ने,<br>• आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित<br>• विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने,<br>• धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,<br>• प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने | | | |
| | **सूचना प्रविधि**<br>• सूचना अधिकारीको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने सम्बन्धी कार्य।<br>• सूचना सङ्कलन, सङ्ग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य। | सूचना/प्रविधि | | शाखा प्रमुख |

| | | | | |
|---|---|---|---|---|
| | • स्थानीय तहको सफल अभ्यासहरूको प्रचार प्रसार र प्रकाशन गर्ने।<br>• राष्ट्रिय सूचना आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रको सम्पर्क इकाईको रूपमा कार्य गर्ने।<br>• विद्युतीय शासन सम्बन्धी योजना, कार्यक्रम तथा प्रणालीको विकास र प्रवर्द्धन<br>• वेवसाइट व्यवस्थापन र सञ्चार प्रविधिसँग सम्बन्धित कार्य। | | | |

**च) रैनादेवी छहरा गाउँपालिकाका शाखाहरू तथा वडाहरू र जिम्मेवार अधिकारी**

- प्रमुख प्रशासकीय अधिकृत: अधिकृत रा.प. तृतीय श्री विबेक रणपाल परियार
- आर्थिक प्रशासन शाखा: अधिकृत सातौँ लिलामणि बश्याल
- प्रशासन शाखा : सहायक पाँचौ लक्ष्यमण राना
- योजना शाखा : अधिकृत छैठौँ प्रकाश के.सी
- स्वास्थ्य शाखा: जनस्वास्थ्य अधिकृत जिबन राना
- प्राविधिक शाखा: प्राविधिक अधिकृत एल्जिना राना
- शिक्षा शाखा: सहायक शिक्षा अधिकृत तेज बहादुर कुमाल
- सूचना प्रविधि शाखा: सूचना प्रविधि अधिकृत हरि प्रसाद पराजुली
- रोजगार सेवा केन्द्र: रोजगार संयोजक कालि बहादुर राना
- जिन्सि शाखा: सहायक प्रशासकीय अधिकृत प्रकाश के.सि.
- राजश्व शाखा: सहायक लेखा अधिकृत हरि प्रसाद पराजुली
- कृषि शाखा: प्राविधिक सहायक सिर्जना थापा
- पशु शाखा: पशु स्वास्थ्य प्राविधिक धिरोज मगर
- सामाजिक सुरक्षा: एम.आइ.एस. अपरेटर लेख बहादुर थामी
- वडा नं १ सचिव : रेशा सुनारी
- वडा नं २ कार्यालय सहायक: मुक्तिराम पोखरेल
- वडा नं ३ सचिव : प्रदीप भुसाल

- वडा नं ४ सचिव : विशाल पौडेल
- वडा नं ५ सचिव: लक्ष्मण राना
- वडा नं ६ सचिव: हुम बहादुर कुँवर
- वडा नं ७ सचिव: विवेकमान वली
- वडा नं ८ सचिव : महालक्ष्मि श्रेष्ठ

**छ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:** आर्थिक ऐन बमोजिम सेवाको प्रकृति अनुसार

**ज) निर्णय गर्ने प्रकृति र अधिकार:** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली २०६५, सङ्घीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पाबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरू।

**झ) निर्णय उपर उजुरी सुन्ने अधिकारी:** प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समितिको संयोजक, सम्बन्धित वडाका वडाध्यक्ष, गाउँपालिका अध्यक्ष।

**ञ) कार्यालय प्रमुख र सूचना अधिकारी:**

- कार्यालय प्रमुख: प्रमुख प्रशासकीय अधिकृत श्री विवेक रणपाल परियार
- सूचना अधिकारी: सहायक लेखा अधिकृत श्री हरि प्रसाद पराजुली

**ट) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५
- सङ्घीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरू।
- स्थानीय ऐन, निर्देशिका, कार्यविधि, मापदण्डहरू:
  - ❖ कृषि व्यवसाय प्रवर्द्धन गर्ने ऐन
  - ❖ न्यायिक समितिले अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
  - ❖ शिक्षा ऐन
  - ❖ स्वास्थ्य ऐन
  - ❖ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन
  - ❖ सहकारी ऐन
  - ❖ रैनादेवी छहरा गाउँपालिकाका स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धि ऐन

- ❖ प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन
- ❖ सार्वजनिक खरिद नियमावली
- ❖ कार्यविभाजन नियमावली
- ❖ कार्यसम्पादन नियमावली
- ❖ कर्मचारी कल्याणकोष सम्बन्धी नियमावली
- ❖ लेखा समितिको कार्यसञ्चालन नियमावली
- ❖ बजार अनुगमन निर्देशिका
- ❖ स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका
- ❖ मर्मत सम्भार विशेष कोष सञ्चालन निर्देशिका
- ❖ बैठक सञ्चालन कार्यविधि
- ❖ गाउँसभा सञ्चालन कार्यविधि
- ❖ अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि
- ❖ अपाङ्ग परिचयपत्र वितरण कार्यविधि
- ❖ एफ.एम. रेडियो सञ्चालन तथा व्यवस्थापन कार्यविधि
- ❖ घ वर्गको निर्माण व्यावसायी इजाजतपत्र सम्बन्धी कार्यविधि
- ❖ निजी जग्गाको माटो वा सामान्य बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि
- ❖ अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि
- ❖ कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि
- ❖ नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि
- ❖ बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि
- ❖ राजस्व परामर्स समितिको कार्यसञ्चालन कार्यविधि
- ❖ संस्था दर्ता सम्बन्धी कार्यविधि
- ❖ साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि
- ❖ विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि
- ❖ शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि
- ❖ स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि
- ❖ स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि
- ❖ माछा पालन, बंगुर, लोकल कुखुरा कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि
- ❖ भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि

- ❖ कृषि युवा स्वरोजगार प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि
- ❖ सुन्तलाजात फलफुल बिरुवा बितरण कार्यविधि
- ❖ व्यावसायिक कृषकलाई मागमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि
- ❖ कृषक पुरस्कार कार्यविधि

**ठ) तेस्रो त्रैमासिकमा शाखागत रूपमा सम्पादन भएका कार्यहरूको विवरण:**

- **प्रशासन शाखा**
  - ✓ रिक्त दरबन्दिका विभिन्न विज्ञापन आह्वान।
  - ✓ करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूको करार अवधि नविकरण।
  - ✓ सरुवा भई जाने कर्मचारीहरुको रमाना तयार।
  - ✓ विभिन्न पदमा कर्मचारीहरुको स्तरवृद्धिको कार्य।
- **लेखा शाखा**
  - ✓ तेस्रो तैमासिक अवधिसम्म चालु खर्च रु.२८६४९०३९१.७९ र पुँजिगत खर्च रु.९३९४७००७.९३ गरी जम्मा रु.३८०४३७४०३.७२ (४८.५१%) खर्च भएको।
- **स्वास्थ्य शाखा**
  - ✓ एच पी भी खोप अभियानको बारेमा पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम
  - ✓ एच पी भी खोप अभियान कार्यक्रम संचालन
  - ✓ महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि नसर्ने रोग र मानसिक स्वास्थ्य समस्याको बारेमा अभिमुखीकरण
  - ✓ स्वास्थ्य प्रजनन रूग्णता स्क्रिनिंग कार्यक्रम
  - ✓ जिल्ला स्तरीय स्वास्थ्य सम्बन्धि मासिक समिक्षा बैठक
  - ✓ स्वास्थ्य कार्यक्रमको अर्धवार्षिक समिक्षा कार्यक्रम
  - ✓ स्वास्थ्य कार्यक्रमको अर्धवार्षिक समिक्षा कार्यक्रम
  - ✓ मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम कार्यक्रम
- **शिक्षा शाखा**
  - ✓ विद्यालयको आ.व.२०८१/०८२ को आर्थिक लेखा परीक्षण कार्य सम्पन्न भएको।
  - ✓ प्रथम, दोस्रो र तेस्रो त्रैमासिक शिक्षक तलव र विद्यार्थी दिवा खाजा निकासा दिइएको।
  - ✓ निशुल्क पाठ्यपुस्तक,प्रति विद्यार्थी लागत र विद्यालय संचालन तथा व्यवस्थापन अनुदान निकासा गरिएको।
  - ✓ विद्यालयमा कार्यरत प्रत्येक शिक्षक तथा कर्मचारीहरुको व्यक्तिगत फाइल संकलन गरी अभिलेखिकरण गर्ने कार्यको सुरुवात गरिएको।

- ✓ शिक्षा योजनाको प्रारम्भिक खाका तयार गरिएको ।
- ✓ आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा-२०८२ संचालन तथा व्यवस्थापन गरी IEMIS बाट नतिजा प्रकाशन गरिएको ।
- ✓ विद्यालयमा कार्यरत अस्थायी करार, राहत र अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विद्यालयबाट करार नवीकरण गर्ने कार्यको गरिएको ।
- ✓ प्रारम्भिक वालविकास देखि कक्षा ८ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको दुर्घटना विमा कार्यक्रम कार्यान्वियन चरणमा रहेको ।
- ✓ नियमित रुपमा गाउँ शिक्षा समिति र प्र.अ.बैठक संचालन गरिएको ।
- ✓ विद्यालयमा भर्चुअल शिक्षण,इ-लर्निङ पुस्तकालय र विज्ञान प्रयोशाला व्यवस्थापनका लागि २ वटा विद्यालयले सम्झौता गरी कार्य अगाडी बढाएको ।

- **योजना शाखा**
  - ✓ ३३७ वटा योजनाहरू सम्झौता भई कार्यान्वियनको अवस्थामा रहेका ।
  - ✓ १७७ योजना सम्पन्न भई अन्तिम भुक्तानी भएको ।

- **भौतिक पूर्वाधार शाखा**

भौतिक पूर्वाधार शाखा मार्फत चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधीसम्मको कार्यविवरण तपसिल बमोजिम रहेको छ ।

| | | |
|---|---|---|
| ✓ नयाँ ट्र्याक | : | २.०६ कि.मी. |
| ✓ बाटो चौडा | : | ५.१९ कि.मी. |
| ✓ ग्याबिन वाल | : | २५७६.५४ घन मिटर |
| ✓ लोकल ग्रावेल | : | १३५७.४० घन मिटर |
| ✓ मेसीनरी वाल | : | ७८३.१५ मिटर |
| ✓ प्लम्ब वाल | : | ३८०.१५ मिटर |
| ✓ सोलिङ्ग | : | १४७४.३९ मिटर |
| ✓ पक्की नाली | : | ३८५७.१० मिटर |
| ✓ बाटो ढलान | : | २४८४.५४ मिटर |
| ✓ सिँचाई नहर | : | २२४८.६५ मिटर |
| ✓ नयाँ भवन | : | १० वटा |
| ✓ भवन मर्मत | : | ३७ वटा |
| ✓ पानी ट्याङ्की | : | ४ वटा |
| ✓ धारा | : | २ वटा |

- **राजस्व शाखा**

- ✓ व्यवसाय दर्ता तथा नवीकरणको कार्य निरन्तर ।
- ✓ दर्ता बिना सञ्चालित व्यवसायहरूको तथ्याङ्क सङ्कलन कार्य भईरहेको।
- ✓ साविकमा करदाता सेवा कार्यालयबाट दिईने करदाता सेवा पालिकाबाटै सुचारु गरिएको ।
- ✓ तेस्रो त्रैमासिक अवधि सम्म रु.६८३७७९१.२५ राजस्व संकलन भएको ।

- **जिन्सि शाखा**
  - ✓ कार्यालय सञ्चालन सम्बन्धी आवश्यक सामग्री खरिद
  - ✓ त्रिपाल, ग्याविन जालि खरिद भएको ।
  - ✓ पाईप खरिद प्रक्रियामा रहेको ।

- **कृषि विकास तथा पशु सेवा शाखा**
  - ✓ संघिय सरकारबाट विशेष अनुदानमा हस्तान्तरित कृषि तथा पशुपंछी विकास कार्यक्रम अन्तर्गतका कृषि सिंचाई पोखरी निर्माणतरकारी तथा ,जैविक मल प्रवर्द्धन कार्यक्रम , अकबरे खेती गर्ने कृषकलाई ५०अनुदानमा मल्चिङ्ग प्लाष्टिक सहयोग % कार्यक्रमको कार्यक्रमहरुको भुक्तानीकोलागि अनुगमन क्रममा रहेको छ।
  - ✓ संघिय सरकारबाट विशेष अनुदानमा हस्तान्तरित कृषि तथा पशुपंछी विकास कार्यक्रम अन्तर्गतको कृषि औजार वितरण कार्यक्रम र विभिन्न वडागत कृषि तथा पशुपंछी विकास कार्यक्रमबाट छुट्टाइएको कृषि औजार वितरण कार्यक्रममा मिनिटिलर , कुटानिपिसानी मिल चापकटर र ब्रस कटर यन्त्र ,५०अनुदानमा वितरण गर्न % विद्युतिय बोलपत्र आह्वानबाट बोलपत्रदाता छनौट गरी सम्झौता भई बैसाख महिना भित्र कृषकलाई यन्त्र वितरण गरी कार्यक्रम सम्पन्न हुनेछ ।
  - ✓ संघीय शसर्त हस्तान्तरित राष्ट्रिय फल विशेष कार्यक्रमहरुको लाभग्राही छनौट गरी सम्झौता अनुसार भएको कार्यको भुक्तानीको लागि अनुगमनको क्रममा रहेको छ।
  - ✓ विद्यार्थी संग कृषि कार्यक्रममौरी पालन कार्यक्रमको माग संकलनको लागि सूचना , आह्वान सम्पन्न भएको छ ।
  - ✓ वडा नं ३ र वडा नं ६ को वडागत कार्यक्रम ५०अनुदानमा आलुको बिउ वितरण % सम्पन्न गरिएको छ ।
  - ✓ चा मा .व.लु आ.४ वटा कृषि तथा पशुपंछी फर्म दर्ता ,३३ वटा कृषि तथा पशुपंछी फर्म नविकरणवटा कृषक समूह नविकरण गरिएको छ १० वटा कृषक समूह दर्ता र १ , ।
  - ✓ अनुदानको रासायनिक मल विक्रि वितरणको लागि १० वटा सहकारी संस्थालाई डिलरसिप प्रदान गरिएकोमा ८ वटा सहकारी संस्थाले सक्रिय भई रासायनिक मल को

कारोबार गर्दै आउनुभएकोमा मा .व.आ .लु.चा ,६ वटा सहकारीको उक्त डिलरसिप नविकरण कार्य सम्पन्न गरिएको छ।

- ✓ संघीय शसर्त हस्तान्तरित मध्य पहाडी मकै बाली प्रवर्द्धन कार्यक्रमहरुको माग संकलन गरी सम्झौता सम्पन्न गरि कार्यक्रम संचालन भएको।
- ✓ संघिय सरकारबाट विशेष अनुदानमा हस्तान्तरित कृषि तथा पशुपंछी विकास कार्यक्रम अन्तर्गतका जैविक मल प्रवर्द्धन कार्यक्रमको सम्झौता बमोजिम काम सम्पन्न भई भुक्तानीको सम्पन्न भएको ।
- ✓ संघिय सरकारबाट विशेष अनुदानमा हस्तान्तरित कृषि तथा पशुपंछी विकास कार्यक्रम अन्तर्गतका कृषि सिंचाई निर्माण कार्यक्रमको सम्झौता बमोजिम काम सम्पन्न भई भुक्तानीको लागि अनुगमन कार्य भईरहेको।
- ✓ वडागत र गाको पशुपंन्छी औषधी खरिद गरि निशुल्क औषधी वितरण र उपचार .पा. भईरहेको।
- ✓ यस आ.व.२०८२/८३ मा यस पालिकालाई खोरेत रोग मुक्तपालिका बनाउने उद्धेश्यीय लिए अनुरुप हाल सम्म २५६७२ डोज खोप लगाएको।
- ✓ व्यवसायिक कृषकहरुलाई गाई भैसी अनुदान कार्यक्रमबाट/२१ जना घरपरिवार लाभान्वित भएको।
- ✓ ५० वटा सामुदायिक कुकुर विरालोलाई रेविज रोग विरुद्धको खोप लगाएको।
- ✓ बंगुर प्रवर्द्धन कार्यक्रमको माग संकलन कार्य सम्पन्न गरिएको।
- ✓ बाख्रामा पिपिआर भ्याक्सिन ८००० ।
- ✓ डोज लगाएको।

- **रोजगार सेवा केन्द्र**
  - ✓ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको योजना सम्झौता भएको।
  - ✓ २० जना सेवाग्राहीको पुन श्रमस्वीकृत online सहजीकरण।
  - ✓ २ जना सेवाग्राहीको मृत्यु वीमा वैदेशिक रोजगारी बोर्डबाट प्राप्त।
  - ✓ बैदेशिक रोजगार बोर्डबाट पाउने छात्रवृद्धिको लागि online सहजिकरण।
  - ✓ सुरक्षित बैदेशिक रोजगार अभिमुअखिकरण कार्यक्रम सामुदायस्तरमा सञ्चालन भईरहेको।
- **सूचना/प्रविधि शाखा**
  - ✓ कार्यालयको वेवसाइट तथा फेसबुक पेज मार्फत सूचना प्रवाह।
  - ✓ कार्यालयमा माग भएका सूचना प्रवाह गरेको।
  - ✓ दोस्रो त्रैमासिकको स्वत:प्रकाशन।
- **आयुर्वेद औषधालय**

- ✓ स्तनपायी आमाहरुलाई मातृ शिशु सुरक्षार्थ दुग्धबर्धक औषधी वितरण कार्यक्रम सम्पन्न।
- ✓ ज्येष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम सम्पन्न।
- ✓ पञ्चकर्म (पुर्वकर्म) कार्यक्र (माघ र फागुन महिनामा) सम्पन्न।
- ✓ नागरिक आरोग्य सेवा क्लिनिक (गाउँघर क्लिक) वडा नं.३, ४ र ५ मा नियमिक सञ्चालन भईरहेको।

- **एम.आई.एस. शाखा**
  - ✓ वर्ष पुरा भएका लाभग्राही र अन्य सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरूको विद्युतीय सूचना प्रणालीमा प्रविष्ट गरिएको।
  - ✓ सामाजिक सुरक्षा भत्ता बैङ्क मार्फत वितरण गरिएको।
- **महिला वालवालिका तथा ज्येष्ठ नागरिक शाखा :**
  - ✓ विद्यालयस्तरीय बालक्लब गठन सम्पन्न।
  - ✓ वडास्तरीय बालक्लब गठन सम्पन्न।
  - ✓ महिला आयआर्जन तथा सिपमुलक कार्यक्रम अन्तर्गत साबुन र सर्फ बनाउने ४ दिने तालिम सम्पन्न।
- **वन तथा वातावरण शाखा :**
  - ✓ वन तथा वातावरण सम्बन्धी सिमसार दिवसमा चित्रकला प्रतियोगिता सम्पन्न।
  - ✓ वडा नं.१, ३, ४, ७ र वडा नं.८ अन्तर्गत निजी जग्गामा वृक्षारोपण गर्न इच्छुक विसानहरुको जग्गा पहिचान तथा विवरण संकलन।
  - ✓ तेस्रो किस्ता भुक्तानी प्रदान गर्ने प्रयोजनका लागि गरिएको वृक्षारोपण स्थलमा अनुगमन।

ड) **निकायको वेवसाइट:** www.rainadevichhaharamun.gov.np

ढ) **निकायको इ-मेल:** info@rainadevichhaharamun.gov.np, rainadevichhaharamun@gmail.com

ण) **रैनादेवी छहरा गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:** छैन।

त) **रैनादेवी छहरा गाउँपालिकाको सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण:** वार्षिक बजेट बमोजिम प्रतिशत योजना तथा कार्यक्रमहरूको कार्यान्वयन भएको।

थ) **रैनादेवी छहरा गाउँपालिकाले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समयावधि:** छैन।

द) **रैनादेवी छहरा गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:** कार्यालयका विविध सूचनाहरू।

ध) **रैनादेवी छहरा गाउँपालिकाका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण:**

- नागरिक वडा पत्र
- कार्यालयको सूचना पाटी
- एफ.एम. रेडियो, पत्र-पत्रिका
- कार्यालयको वेवसाइट, फेसबुक पेज र टिकटक आई. डी.
- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र